वर्ष ५, अंक २, जेठ



# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन



नेपाल प्रहरी प्रधान कार्यालय

अपराध अनुसन्धान विभाग

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची


| | |
|---|---|
| विभागीय गतिविधि | १ |
| मासिक अपराध तथ्याङ्क | २ –९ |
| प्रहरी सेवा प्रवाह | ९ –१० |
| खोजतलास तथा समन्वय | ११ |
| अपराध अनुसन्धानमा सहायता प्रदान सम्बन्धी | १२ – १३ |
| अपराध समाचार | १४–१७ |
| उत्कृष्ट अनुसन्धान | १८ |



**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. दिवेश लोहनी

**सल्लाहकार**
प्र.ब.उ. चन्द्र कुवेर खापुङ

**सम्पादक मण्डल**
प्र.नि. सबिता के.सी.
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.ना.नि. शैलेश खड्का
प्र.स.नि. धन बहादुर लामिछाने

**ले-आउट/ग्राफिक्स**
प्र.स.नि. भुवन तिमिल्सैना
प्र.ह. ज्ञानु बोहरा

# विभागीय गतिविधि

## कानून कार्यान्वयनमा कठोर रूपमा प्रस्तुत हुनुपर्ने प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह



*काठमाडौं, १९ जेठ*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले विभिन्न तस्करी एवम् अवाञ्छित गतिविधिको साथै सामाजिक अपराधमा संलग्नलाई कानूनी दायरामा ल्याउनको लागि कानून कार्यान्वयनमा प्रहरी कर्मचारीहरू कठोर रूपमा प्रस्तुत हुनुपर्ने बताउनुभएको छ।

नेपाल प्रहरी प्रधान कार्यालयमा भर्चुअल रुपमा भिडियो कन्फ्रेन्स मार्फत् आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक सिंहले १ नम्बर प्रदेश प्रहरी कार्यालय तथा मातहत १४ जिल्लाका जिल्ला प्रहरी कार्यालयहरू, मातहत ट्राफिक प्रहरी कार्यालय एवम् तालिम केन्द्रका प्रमुखहरूलाई निर्देशन सम्बोधनको क्रममा उक्त कुरा बताउनुभएको हो।

सबै प्रदेशको आ-आफ्नो विशिष्टता अनुरुप आवश्यक सुरक्षा योजना बनाई सुरक्षा व्यवस्था मजबुत बनाउनुपर्ने उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले जिल्ला प्रहरी कार्यालयका प्रमुखहरूले आफूलाई सुम्पिएको जिम्मेवारीलाई आफ्नो नेतृत्व विकासको अवसरका रूपमा लिएर कार्यसम्पादन गर्नुपर्ने बताउनुभयो। तस्करी, प्राकृतिक स्रोतको दोहन जस्ता गतिविधिमा शून्य सहनशीलताको नीतिलाई अवलम्बन गरी अवैध क्रियाकलापमा संलग्न जो कोहीलाई पनि कानूनी दायरामा ल्याउन अझ सक्रिय भई अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो।

प्रहरी महानिरीक्षक सिंहले दण्ड र पुरस्कारमा आफू निर्मम रूपमा प्रस्तुत हुने उल्लेख गर्दै जिल्ला प्रहरी कार्यालयका प्रमुखहरूले आफ्नो मातहतका कर्मचारीहरू कुनै पनि आपराधिक गतिविधिमा संलग्न नहुने गरी काम कारवाही गर्न निर्देशन दिनुभयो। हालै एकै चरणमा सम्पन्न स्थानीय तहको निर्वाचनको समयमा नेपाल प्रहरीका कर्मचारीहरूले निर्वाह गरेको भूमिकाको चर्चा गर्दै यस कार्यको नेपाल सरकारले उच्च मूल्याङ्कन गरेको उहाँले जानकारी दिनुभयो।

कार्यक्रममा १ नम्बर प्रदेश प्रहरी कार्यालय मातहत १४ वटै जिल्ला प्रहरी कार्यालयका प्रमुखहरूले आ-आफ्नो जिल्लाको शान्ति सुरक्षा सम्बन्धि विद्यमान अवस्था एवम् चुनौति, अपराध अनुसन्धान तथा नियन्त्रण, स्थानीय तहको निर्वाचनमा प्रहरीको भूमिका, भावी कार्ययोजना लगायतका विषयमा जानकारी दिनुभएको थियो।

कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालयस्थित वरिष्ठ प्रहरी अधिकृतहरुको उपस्थितिको साथै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक अरूण कुमार वि.सी. लगायत सहभागी प्रहरी कार्यालयहरूका प्रमुख तथा प्रतिनिधिहरूको भर्चुअल उपस्थिति रहेको थियो।

## प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहद्वारा नेपाल प्रहरी अस्पतालको निरीक्षण



*काठमाडौं, २७ जेठ*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले नेपाल प्रहरी अस्पताल महाराजगञ्जको निरीक्षण गर्नुभएको छ। निरीक्षणको क्रममा उहाँले अस्पताल स्थित अक्सिजन प्लान्ट, पूर्व प्रहरी अधिकृत प्रतिक्षालय, फिजियो थेरापी विभाग, क्लिनिकल प्रयोगशाला, अपरेशन थिएटर, आईसीयू, सीसीयू, विभिन्न वार्डहरू लगायत विभिन्न यूनिटहरूको अवलोकन गर्नुभयो।

निरीक्षण पश्चात अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी लगायतका प्रहरी कर्मचारीहरूलाई निर्देशन सम्बोधनको क्रममा प्रहरी महानिरीक्षक सिंहले हरेक प्रहरी कर्मचारीको शारीरिक तथा मानसिक स्वास्थ्य उसको कार्य सम्पदान गर्ने सामर्थ्य र मनोबलसँग जोडिने भएकोले संगठनात्मक लक्ष्य प्राप्तिका लागि बिरामी जाँच र उपचारमा अस्पताल प्रशासन तथा कार्यरत कर्मचारीहरू संवेदनशील हुनुपर्ने बताउनुभयो। साथै उहाँले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने सवालमा अस्पतालले दर्जागत विभेद विना समानता कायम गरी असल व्यवहार, उचित परामर्श, सहानुभूतिपूर्ण उपचारको माध्यमबाट सेवामा सबैको सरल र सहज पहुँच हुने वातावरणको सुनिश्चितता गर्नुपर्ने उल्लेख गर्नुभयो।


प्रहरी महानिरीक्षक सिंहले नेपाल प्रहरी अस्पताल प्रहरी संगठनको एक अत्यन्त महत्वपूर्ण अंग भएकोले यसको गरिमा र साखलाई कायम राख्न सौहार्दता र हार्दिकता कायम राख्दै आ-आफ्नो जिम्मेवारीप्रति कर्तव्यनिष्ठ भएर काम गर्न निर्देशन दिनुभयो। विश्वमा भएका प्रविधिजन्य परिवर्तनलाई अंगालेर अस्पतालको स्तरोन्नति गर्ने, कार्यरत कर्मचारीको वृत्ति विकास गर्ने लगायतका विषयमा संगठन सदैव सकारात्मक रहेको र त्यसको लागि आवश्यक सहयोग गर्न आफू सदैव तत्पर रहेको उहाँले बताउनुभयो।

प्रहरी महानिरीक्षक सिंहले विभिन्न आरोह अवरोह, समस्या र कठिनाईहरूको सामना गर्दै विगत करिब ४० वर्षदेखि निरन्तर रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको अस्पतालले कोभिड-१९ को संक्रमण नियन्त्रणमा निर्वाह गरेको भूमिका सराहनीय रहेको चर्चा गर्नुहुँदै औषधीको गुणस्तर, पारदर्शी सेवा प्रवाहको साथै कमि कमजोरीमा सुधार गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो। विद्यमान सेवाहरूलाई व्यवस्थित र प्रभावकारी बनाउन तथा अस्पतालको दीर्घकालीन विकासको लागि सुधारका क्षेत्रहरू पहिचान गरी ठोस योजना बनाएर अगाडि बढ्न उहाँले निर्देशन दिनुभयो।


उक्त अवसरमा अस्पतालका मेडिकल डाइरेक्टर प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षक डा.आशा सिंहले धन्यवाद ज्ञापन गर्नुहुँदै संगठन प्रमुखबाट प्राप्त निर्देशनलाई पालना गर्दै काम गर्न प्रतिवद्ध रहेको बताउनुभयो। उक्त अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू लगायत अस्पतालमा कार्यरत प्रहरी अधिकृत तथा जवानहरूको उपस्थिति रहेको थियो।

# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको जेठ महिनाको अपराध तथ्याङ्क प्रस्तुति





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्धा दर्ता संख्या (चैत - जेठ)



## त्रैमासिक मुद्दा दर्ता र फछ्यौंट संख्या (चैत - जेठ)





## अपराध तंथ्याक (०७५/०७६ देखि ०७८/०७९ जेठ सम्म):




## जघन्य अपराधको प्रदेशगत बिश्लेषण

**(आ.व २०७८/०७९ जेठ सम्म)**





## गम्भीर अपराधको प्रदेशगत बिश्लेषण


**(आ.व २०७८/०७९ जेठ सम्म)**




## सामान्य अपराधको प्रदेशगत बिश्लेषण
### (आ.व २०७८/०७९ जेठ सम्म)





## जेठ महिनामा घरेलु हिंसा सम्बन्धि तथ्याङ्क विश्लेषण:




## २०७८ माघ देखि हाल सम्मको महिला हिंसाको कारण वा उद्देश्यको विश्लेषण:





## जेठ महिनामा जबरजस्ती करणी अपराधमा पिडित र अभियुक्तको सम्बन्ध बिश्लेषण



## जेठ महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणी अपराधको तथ्याङ्क:





## चालु आ.व.को अभियुक्तको (अपराध गर्ने तरिका-MO) तथ्याङ्क विश्लेषण:




## जेठ महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण

| सि.नं. | प्रदेश/ उपत्यका /ब्युरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाडौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | १३ | ९ वर्ष ० महिना २१ दिन | ८८,२०,७८६ |
| २. | १ नं.प्रदेश प्रहरी कार्यालय, विराटनगर | ३६ | ३४ वर्ष ०३ महिना १६ दिन | ९,८४,८०९ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ३४ | ३७ वर्ष ०२ महिना १२ दिन | २,३६,९८५ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ०८ | ३२ वर्ष ६महिना २७ दिन | ४,४८,०६९ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | २० | ५ वर्ष ६ महिना २७ दिन | ५४,०६,९१४ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ, | ०९ | ९ वर्ष ३ महिना १९ दिन | ३७,१२,००० |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ०८ | २३ वर्ष ० महिना १३ दिन | ६८,४९५ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ०३ | १ वर्ष ४ महिना ११ दिन | ८०,००० |
| ९. | केन्द्रीय अनुसन्धान ब्यूरो, महाराजगञ्ज | ०७ | ० वर्ष १ महिना १३ दिन | १,५७,११,२५६ |
| | **जम्मा** | १३८ जना | १४२ वर्ष २५ महिना ११४ दिन | रु.३,५४,६८,५१४ |

## जेठ महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या




## वैशाख र जेठ महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या





# प्रहरी सेवा प्रवाह

## जेठ महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी विवरण



# सामुदायिक प्रहरी गतिविधि

जेठ महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : (गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं.१२४ कार्यक्रमहरू)




## जेठ महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको विवरण

| सि.न. | कार्य बिवरण | संख्या |
|---|---|---|
| १ | बिदेशी नागरिकहरूको मृत्यु | ०९ जना |
| २ | बिदेशी नागरिकहरूको पक्राउ | ०३ जना |
| ३ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिबरण | १३,७८४जना |
| ४ | बिदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहिका लागी अध्यागमन कार्यालय पठाईएको | ३ जना |


# आसरा सुधार केन्द्र

## जेठ महिनाको लागुऔषध सेवनकर्ता उपचार विवरण


| सि.नं. | विवरण | भर्ना संख्या | डिस्चार्ज संख्या | उपचाररत संख्या |
|---|---|---|---|---|
| १ | आसरा सुधार केन्द्रानीबारी , | ३१ जना | ३६ जना | ११५ जना |
| २ | महिला आसरा सुधार केन्द्रतिलगंगा , | नभएको | नभएको | नभएको |

# खोजतलास तथा समन्वय

## जेठ महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको विवरण




## जेठ महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धी विवरण



# अपराध अनुसन्धानमा सहायता प्रदान

## साईबर ब्युरो


- जेठ महिनामा ४६३ वटा निवेदन प्राप्त भएकोमा ३३४ वटा अघिल्लो महिनाको समेत गरि फर्छौट भएको र अन्य अनुसन्धानको क्रममा रहेको।
- बिद्युतिय कारोवार ऐन, २०६३ अन्तर्गत १३ वटा मुद्धा दर्ता गरिएको।

## डिजिटल फरेन्सिक ल्याव

- DFL शाखाबाट जेठ महिना भित्र बिभिन्न १६ वटा मुद्दा शिर्षक (आत्महत्या, कर्तब्य ज्यान, घुस रिसवत, चोरी, जबरजस्ती करणी, ज्यान सम्बन्धी कसुर, ठगी, बम बिष्फोट, बालयौन दुरुपयोग, बिद्युतीय कसुर, बैंक बित्तिय कसुर, मानव बेचबिखन, लागु औषध, लिखत सम्बन्धी कसुर, सवारी ज्यान, सार्वजनिक अपराध) अन्तर्गत ४९ वटा मुद्दाको ३७३ वटा सबुदहरु परीक्षण गरिएको।

## दुरसंचार समन्वय शाखा


- जेठ महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघिय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरु संग Co-ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको।




## केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुशी

- २०७९/०२/०२ गते देखि ऐ.३१ गते सम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागी **६९४** केशहरु र ३९९८ नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डिङ केशहरु समेत गरी **४१८** परीक्षण गरिएको।
- (AFIS) मा **१९०७** Data Entry भएको।

## केनाईन महाशाखा,महाराजगञ्ज








# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### आफ्नै आमाको हत्या गरेको अभियोगमा पक्राउ

*सुनसरी, १० जेठ*

आफ्नै आमा ४२ बर्षीया शान्त सुवेदीको हत्या गरेको अभियोगमा धरान उपमहानगरपालिका - १४ विजयपुरका २५ बर्षीय सौगात सुबेदीलाई प्रहरीले पक्राउ गरेको छ।

हात्तीसार कलेज धरानको क्वार्टरमा बस्ने झापा चन्द्रगढी घर भएकी शान्तलाई उनकै छोरा सौगातले धारिलो हतियार बाम्फोकले टाउकोमा प्रहार गर्दा गम्भीर घाइते भएकी उनको बिराटनगरको न्युरो अस्पतालमा उपचार हुन नसकी घर लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। सौगातलाई ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा तीन जना पक्राउ

*मोरङ, १६ जेठ*

कटहरी गाउँपालिका-२ आदर्शटोल बस्ने ५० वर्षीय तुलसी श्रेष्ठको हत्या गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा कटहरी गाउँपालिका-१ बस्ने ३३ वर्षीय रविन भुजेल, २९ वर्षीय कपिल माझी र कटहरी गाउँपालिका-३ बस्ने २८ वर्षीय नितेश चौधरी रहेका छन्। कटहरी गाउँपालिका-१ महेशपुर थानगाछीस्थित खेतमा तुलसी श्रेष्ठ शरीरमा चोटपटक लागेर मृत अवस्थामा फेला परेको घटनाको अनुसन्धान गर्ने क्रममा वडा प्रहरी कार्यालय (ख) हाटखोला र जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले घटनामा संलग्न उनीहरूलाई पक्राउ गरेको हो।

आपसी वादविवादको क्रममा बाँसको मुग्रो, ढुंगा लगायतका औजार प्रहार गरी हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्यामा संलग्न रही फरार रहेका एक जना पक्राउ

*काठमाडौं, १७ जेठ*

सिन्धुपाल्चोक जुगल गाउँपालिका-८ बराम्चे घर भएका ३५ वर्षीय जिवन भन्ने कान्छा लामा तामाङको कुटपिट गरी हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा मकवानपुर बागमती गाउँपालिका-६ फापरबारी ठूलो कायर ठेगाना भएका ४१ वर्षीय दिपक लामा वाईबालाई प्रहरीले पक्राउ गरेको छ।

दक्षिणकाली नगरपालिका-१ पावर हाउस नजिक बाग्मती नदी किनारमा जेठ ५ गते कान्छा लामाको शव सडिगलेको अवस्थामा फेला परेको थियो। अनुसन्धानको क्रममा कान्छा लामा तामाङको हत्या भएको घटनामा संलग्न २ जनालाई जेठ ६ गते काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको थियो। साथै पक्राउ परेका व्यक्तिहरुको बयानको क्रममा दिपक लामा वाईबा पनि घटनामा संलग्न रहेको खुल्न आएपछि उक्त कार्यालयबाट खटिएको प्रहरीले उनलाई समेत काठमाडौं कलंकीबाट पक्राउ गरेको हो। उनलाई आवश्यक कानूनी कारवाहीको लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौं पठाइएको छ।

### हत्यामा संलग्न रहेको अभियोगमा पाँच जना पक्राउ

*पर्सा, ३१ जेठ*

बहुदरमाई नगरपालिका-२ सिसियाडी बैरियाटोल बस्ने ४० वर्षीय राजेश रामको हत्यामा संलग्न रहेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा जगरनाथपुर गाउँपालिका-६ बस्ने ४५ वर्षीय हिरामन महरा, ३६ वर्षीय रामबालक महरा, ४० वर्षीया बसन्ती देवी, ३५ वर्षीया सुनिता देवी र २२ वर्षीया रिंकु देवी रहेका छन्।

जगरनाथपुर गाउँपालिका-६ स्थित नारा खोलाको खोल्सामा राजेशको शव फेला परेको थियो। उनीहरुमध्ये हिरामन, बसन्ती, सुनिता, रिंकु र रामबालकलाई प्रहरीले पक्राउ गरेको हो। आफ्नै दिदीको घरमा आई बसेका राजेश रामलाई मृतकको भिनाजु हिरामन महरा समेत परिवारका ५ जना सदस्य मिली घाँटी कसेर हत्या गरी खोल्सामा शव फालेको अनुसन्धानबाट खुल्न आएको छ। उनीहरु उपर ज्यान सम्बन्धी कसूरमा जिल्ला अदालत पर्साबाट ७ दिन म्याद लिई प्रहरीबाट थप अनुसन्धान भइरहेको छ।

## बैंकिङ कसूर सम्बन्धी

### बैकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं ,११ जेठ*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी काठमाडौं नागार्जुन नगरपालिका-१० स्युचाटार बस्ने सर्लाही हरिपुर नगरपालिका-१ ठेगाना भएका ३४ वर्षीय नरेन्द्र प्रकाश सुवेदीलाई प्रहरीले पक्राउ गरेको छ।

सुवेदीको नाममा १ करोड १० लाख बिगो भएको बैंकिङ कसूरमा मुद्दामा उच्च अदालत पाटन ललितपुरबाट २०७८ फागुन २० गते पक्राउ अनुमति समेत जारी भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं नागार्जुन नगरपालिका-१० स्युचाटारबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धानको लागि प्रहरी वृत्त जनसेवा पठाइएको छ।

### बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं,१६ जेठ*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी भक्तपुर नगरपालिका-८ लिवाली बस्ने रामेछाप सुनापाती गाउँपालिका-५ ठेगाना भएका ४६ वर्षीय कृष्णभक्त मानन्धरलाई प्रहरीले पक्राउ गरेको छ। उच्च अदालत पाटनले बैंकिङ कसूर मुद्दामा २०७८ पुस २ गतेको फैसलाले ३ दिन कैद र ९ लाख ५० हजार रूपैयाँ जरिवाना ठहर गरी फरार रहेका उनलाई नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले काभ्रेपलाञ्चोक बनेपा नगरपालिका-१ नालाबाट पक्राउ गरेको हो।

मानन्धरले २०७७ मंसिर १८ गते आफ्नो बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी एनआइसी एसिया र माछापुच्छ्रे बैंक लिमिटेडमा रहेको खाताहरुबाट रकम भुक्तान हुने भनी पीडितलाई दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै अदालतले उनी उपर उक्त फैसला गरेको थियो। उनीलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत भक्तपुरमा पेश गरिएको छ।

### बैकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, १७ जेठ*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी काठमाडौं नागार्जुन नगरपालिका-१ रानीवन बस्ने गोरखा पालुङटार नगरपालिका-२ घर भएकी ५१ वर्षीया लक्ष्मी सापकोटालाई प्रहरीले पक्राउ गरेको छ।

उच्च अदालत पाटनले बैंकिङ कसूर मुद्दामा २०७८ पुष २ गतेको फैसलाले ५ दिन कैद र १२ लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेकी उनलाई

नेपाल प्रहरी प्रधान कर्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरीले काठमाडौं बानेश्वरबाट पक्राउ गरेको हो ।

सापकोटाले आफ्नो बैंक खातामा पर्याप्त रकम नभएको जानी-जानी नेपाल बङ्गलादेश बैंक लिमिटेड मैतिदेवी शाखामा रहेको खाताबाट रकम भुक्तान हुने भनी पीडितलाई दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै अदालतले उनी उपर उक्त फैसला गरेको थियो । उनलाई फैसला कार्यान्वयनको लागि ललितपुर जिल्ला अदालतमा पेश गरिएको छ ।

### बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, २० जेठ*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी भक्तपुर मध्यपुर ठिमी नगरपालिका-६ बस्ने खोटाङ हलेसी तुवाचुङ्ग नगरपालिका-९ सल्ले ठेगाना भएका ५१ वर्षीया ईन्द्र कुमार राईलाई प्रहरीले पक्राउ गरेको छ ।

बैंकिङ कसूर मुद्दामा उच्च अदालत पाटनको २०७९ वैशाख ५ गतेको फैसलाले ४ दिन कैद र १६ लाख ५० हजार रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरीले काठमाडौं चाबहिलबाट पक्राउ गरेको हो । राईले २०७७ माघ २४ गते आफ्नो बैंक खातामा पर्याप्त रकम नभएको जानी-जानी ग्लोवल आईएमई बैंक लिमिटेड भक्तपुर शाखामा रहेको आफ्नो खाताबाट रकम भुक्तान हुने भनी पीडितलाई दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै अदालतले उनी उपर उक्त फैसला गरेको थियो ।

यसैगरी बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी कागेश्वरी मनोहरा नगरपालिका-१ बस्ने ४८ वर्षीय रामेश्वर चौलागाईलाई प्रहरीले पक्राउ गरेको छ । बैंकिङ कसूर मुद्दामा उच्च अदालत पाटनको २०७९ वैशाख ४ गतेको फैसलाले १ महिना कैद र १ करोड रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-३१ भिमसेनगोलाबाट पक्राउ गरेको हो । उनीहरुलाई फैसला कार्यान्वयनको लागि काठमाडौं जिल्ला अदालतमा पेश गरिएको छ ।

## यौन जन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*झापा, ३ जेठ*

९ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मेचीनगर नगरपालिका-१० खनाल बस्ती बस्ने ३४ वर्षीय बिपुल राजबंशीलाई प्रहरीले पक्राउ गरेको छ । ती बालिकालाई उनकै घरमै ललाई फकाई गरी बिपुलले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय धुलाबारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, १० जेठ*

१४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा कीर्तिपुर नगरपालिका-५ पागां बस्ने २१ वर्षीय विक्की महर्जनलाई प्रहरीले पक्राउ गरेको छ । ती किशोरीलाई विवाह गर्छु भनि ललाई फकाई आफ्नै कोठामा ल्याई महर्जनले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त कीर्तिपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*झापा,११ जेठ*

१५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा अर्जुनधारा नगरपालिका-६ पुर्वेली टोल बस्ने २० वर्षीय सुजन भुजेललाई प्रहरीले पक्राउ गरेको छ ।

भुजेलले ती बालिकालाई बिभिन्न प्रलोभन देखाई आफ्नो घरमा लगि पटक-पटक करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*रुपन्देही, २१ जेठ*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा शुद्धोधन गाउँपालिका-१ बस्ने १९ वर्षीय सोनु मल्लाह, २१ वर्षीय टिकाराम दंगोरिया थारु र सोही गाउँपालिका-२ बस्ने २१ वर्षीय मनोज थारु रहेका छन् ।

बुटवल उपमहानगरपालिका-१६ बैठौलीस्थित दनाव नदीको किनारमा सोनु, टिकाराम, मनोज र शुद्धोधन गाउँपालिका-१ शीसै बस्ने प्रेम थारुले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय रन्यौराबाट खटिएको प्रहरीले घटनामा संलग्न ३ जनालाई पक्राउ गरेको हो । साथै हाल फरार प्रेम थारूको प्रहरीले खोजी गरिरहेको छ । दुवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

महिला भएकै कारण कसैलाई शारिरीक, मानसिक तथा आर्थिक पीडा दिने कार्यलाई महिला हिंसा भनिन्छ । महिला हिंसा भएमा तुरून्त प्रहरीलाई खबर गरौं ।

-नेपाल प्रहरी

## लागू औषध सम्बन्धी

### अवैध लागूऔषध ब्राउनसुगर सहित पक्राउ

*कैलाली, ७ जेठ*

धनगढी उपमहानगरपालिका-२ बयाबेहडीबाट करिब २ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-१ बस्ने २८ वर्षीय शंकर चौधरी, सोही उपमहानगरपालिका-२ बस्ने २३ वर्षीय सरोज चौधरी र सोही उपमहानगरपालिका-३ बस्ने २८ वर्षीय राजा भगत रहेका छन । शंकास्पद अवस्थामा पैदल हिँडिरहेका उनीहरूलाई जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

थप अनुसन्धानको क्रममा उक्त लागूऔषध सोही उपमहानगरपालिका-२ बस्ने २७ वर्षीय पंकज चौधरीबाट खरिद गरी ल्याएको खुलेपछि पंकजको घर जाँच गर्दा थप ४ ग्राम अवैध लागूऔषध ब्राउनसुगर प्रहरीले बरामद गरेको छ । हाल फरार रहेका पंकजको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### अवैध लागूऔषध सहित पक्राउ तथा बरामद

*मकवानपुर,०९ जेठ*

मकवानपुर, थाहा नगरपालिका - ३ बायोखोलास्थित सडक छेउमा रोकी राखेको ना.६ ख ३२४३ नम्बरको मिनी ट्रकबाट करिब ३ सय ५० केजी अवैध लागूऔषध गाँजा प्रहरीले बरामद गरेको छ । ईलाका प्रहरी कार्यालय

पालुङबाट खटिएको प्रहरीले उक्त ट्रक तलासी गर्दा ट्रकको पछाडि बोरामा प्याक गरेको अवस्थामा १४ वटा पोकामा रहेको उक्त परिमाणको लागूऔषध फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### अवैध लागूऔषध सहित पक्राउ

*नवलपरासी(पूर्व), १० जेठ*



नवलपरासी (पूर्व), कावासोती नगरपालिका-१६ चालिस किलो जंगलस्थित सडकबाट नियन्त्रित लागूऔषध ७८ एम्पुल नुर्फिन, ७८ एम्पुल डाइजेपाम र ७८ एम्पुल फेनारगन सहित कास्की पोखरा उपमहानगरपालिका-१६ बस्ने २७ वर्षीय दिनेश वि.क.लाई प्रहरीले पक्राउ गरेको छ। लु.२ ख २१३४ नम्बरको बसलाई जिल्ला प्रहरी कार्यालय नवलपरासी (पूर्व) बाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

## अन्य अपराध

### अवैध सुन सहित एक जना पक्राउ

*झापा, ५ जेठ*

दमक नगरपालिका-२ बस्ने कैलाली जानकी गाउँपालिका-५ वतन भएका ३३ वर्षीय धिरेन्द्र जैसीलाई अवैध रुपमा लुकाई ल्याएको ३ सय ४९ ग्राम ७ सय मिलिग्राम सुन सहित प्रहरीले पक्राउ गरेको छ।





मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुल अगाडि सडकमा ईलाका प्रहरी कार्यालय काँकरभिट्टाको प्रहरीले जाँच गर्ने क्रममा भारतबाट पैदल आउँदै गरेका जैसीलाई बिस्कुट आकारको तीन थान बनाई जुत्ताभित्र लुकाई ल्याएको उक्त सुन सहित फेला पारी पक्राउ गरेको हो। उनलाई आवश्यक कारवाहीको लागि मेची भन्सार कार्यालय झापामा बुझाइएको छ।

### सालको काठ सहित चार जना पक्राउ

*तनहुँ, ६ जेठ*

शुक्लागण्डकी नगरपालिका - ७ धारापानीबाट २६ क्युफिट सालको काठ सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा शुक्लागण्डकी नगरपालिका - ६ बस्ने दाङ तुलसीपुर उपमहानगरपालिका-३ घर भएका २१ वर्षीय विमल वली, शुक्लागण्डकी नगरपालिका-६ ग्यारसिङ बस्ने ३२ वर्षीय प्रेम बहादुर बि.क, सोही नगरपालिका-६ नौबिसे बस्ने २५ वर्षीय पदम बहादुर सुनार र शुक्लागण्डकी नगरपालिका-७ बस्ने ३२ वर्षीय सोम बहादुर नेपाली रहेका छन्।

शुक्लागण्डकी नगरपालिका-७ धारापानी बस्ने जनक तिमिल्सिनाको पाखो बारीबाट उक्त सालको काठ उनीहरूले ग.१ त ५७८६ नम्बरको ट्याक्टरमा लोड गरी लैजाँदै गरेको अवस्थामा ईलाका प्रहरी कार्यालय बेलचौतारा तनहुँबाट खटिएको प्रहरीले फेला पारी काठ लोड भएको ट्याक्टर सहित उनीहरूलाई पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक कारवाहीको लागि सव डिभिजन वन कार्यालय शुक्लागण्डकीमा बुझाइएको छ।

### बाह्रबोर एकनाले बन्दुक सहित पक्राउ

*पर्सा, ८ जेठ*

पर्सागढी नगरपालिका-९ बडेरवाबाट सोही ठाउँ बस्ने २७ वर्षीय मनोज माझी मुसहरलाई बाह्रबोर एकनाले बन्दुक सहित प्रहरीले पक्राउ गरेको छ। आफ्नै घरमा लुकाई छिपाई राखेको बन्दुक लिई मनोज बाहिर निस्केको अवस्थामा ईलाका प्रहरी कार्यालय एकटांगा र अस्थाई प्रहरी पोष्ट मनवाबाट खटिएको प्रहरीले उनलाई उक्त बन्दुक सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### सामाजिक संजालको दुरुपयोग गरी अनलाईन मार्फत ठगी गर्ने कार्यमा संलग्न पक्राउ

*काठमाडौं, १० जेठ*

सामाजिक संजालको दुरुपयोग गरी अनलाईन मार्फत ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-१७ कालधारा सोह्रखुट्टे बस्ने दोलखा शैलुङ गाउँपालिका-८ शैलुङगेश्वरी ठेगाना भएका ३५ वर्षीय उत्सव श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ।

सामाजिक संजाल वाट्सएप, ईमो, बोटिम, भाइबरको दुरुपयोग गरी पीडितहरुलाई आफू कम्बोडियास्थित क्यासिनोमा काम गर्ने व्यक्ति हो, अमेरिकाबाट संचालन भएको लटरी मार्फत ६ लाख २७ हजार ६ सय ११ युरो डलर परेको छ र उक्त रकम पाउनका लागि बिभिन्न भ्रमपूर्ण म्यासेज पठाई पीडितहरुलाई बिश्वासमा पारी नेपालमा रहेका विभिन्न ब्यक्तिहरुको बैंक खातामा रकम जम्मा गर्न लगाई नगद २८ लाख ७९ हजार रूपैयाँ रकम ठगी गर्ने कार्यमा संलग्न उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

### धाक-धम्की दिई ७ करोड रकम माग गरेको अभियोगमा पक्राउ

*काठमाडौं, १३ जेठ*

योजनावद्ध तरिकाले पीडितलाई पटक-पटक फोन गरी तथा प्रत्यक्ष भेटी धाक-धम्की तथा डर त्रास देखाई ७ करोड रूपैयाँ माग गरेको अभियोगमा ७ जनालाई काठमाडौंका विभिन्न स्थानहरूबाट प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं गोठाटार बस्ने उदयपुर त्रियुगा नगरपालिका-१० ठेगाना भएका २१ वर्षीय सुजन आचार्य, काठमाडौं बुढानिलकण्ठ बस्ने कालिकोट सान्नी त्रिवेणी गाउँपालिका-८ ठेगाना भएका २९ वर्षीय टेक वि.क. काठमाडौं कोटेश्वर बस्ने बझाङ खप्तडछान्ना गाउँपालिका-७ ठेगाना भएका २९ वर्षीय धर्मराज थापा, काठमाडौं कांडाघारी बस्ने काभ्रे तेमाल गाउँपालिका- २ ठेगाना भएका ३३ वर्षीय उमेश भण्डारी, काठमाडौं रातोपुल बस्ने गुल्मी धुर्कोट गाउँपालिका-२ ठेगाना भएका २९ वर्षीया बसन्ता खनाल, काठमाडौं सिनामंगल बस्ने चितवन भरतपुर महानगरपालिका-११ ठेगाना भएका ३२ वर्षीय सुरज शर्मा र काठमाडौं सिनामंगल बस्ने काठमाडौं महानगरपालिका-९ ठेगाना भएका ३३ वर्षीय श्रवण कार्की रहेका छन्।

उनीहरूले पीडितबाट उक्त रूपैयाँ माग गरेको भन्ने सूचना प्राप्त हुनासाथ काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनीहरू उपर आपराधिक लाभ मुद्दामा थप अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

### सामान कुरियर गर्न लगाई अनलाईन मार्फत ठगी गरेको अभियोगमा ४ जना पक्राउ

*काठमाडौं,१६ जेठ*

सामान कुरियर गर्न लगाई अनलाईन मार्फत ठगी गरेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा दाङ घोराही उपमहानगरपालिका-१५ ठेगाना भएका ५५ वर्षीय राज भन्ने मिन बहादुर थापा,

भारत हैदरबाद रङरिडी मन्द्रुनगर ठेगाना भएका ३३ वर्षीय फेनि कुमार जेट्टी, २४ वर्षीय हेमन्त भुद्गिरी र ३२ वर्षीय भाष्कर नायक रहेका छन्।

ल्यापटप, मोबाईल, क्यामेरा जस्ता सामाग्रीहरु बिक्री गर्नको लागि सामाजिक संजाल हाम्रो बजार डटकममा बिज्ञापन राखेकोमा उक्त सामान किन्नको लागि उक्त पेजमा क्रिस्टोफर पिलग्रिम नाम बताउने व्यक्तिले आफू U.S.A मा छु, नेपालमा रहेको मेरो साथीलाई ल्यापटप गिफ्ट दिनु पर्नेछ, तपाईलाई कुरियर गरेको चार्ज एक्स्ट्रा ५ हजार दिन्छु भनि म्यासेज गरेकोमा पीडितको बैंक खाता नम्बर समेत लिई ल्यापटपको भुक्तानी र कुरियर चार्ज समेत बैंक खातामा पठाएको छु भनि विश्वासमा पारी विक्रम थापाको नाममा रुपन्देहीको भैरहवामा उक्त ल्यापटप कुरियर गर्न लगाई ट्याक्स तिर्न तथा स्विपकोड लिनको लागि समेत भनि मिन बहादुर थापाको नामको एनआइसि एसिया बैंकको खातामा ७० हजार पठाउन लगाई उनीहरूले ठगी गरेको खुल्न आएको छ।

उक्त कार्यमा संलग्न उनीहरूलाई गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय र जिल्ला प्रहरी कार्यालय रुपन्देहीसँगको समन्वयमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनीहरूको साथबाट भारतीय १ लाख ६५ हजार रूपैयाँ, क्यामेरा १ थान, विभिन्न कम्पनीका ल्यापटप ३ थान, विभिन्न कम्पनीका मोबाइल ९ थान, स्मार्ट वाच १ थान, गिटार १ थान र बुद्धको मुर्ति १ थान प्रहरीले बरामद गरेको छ। उनीहरुलाई ठगी सम्बन्धी कसूरमा आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## भरूवा बन्दुक सहित पक्राउ

*ईलाम, २८ जेठ*

माइजोगमाई गाउँपालिका - २ पिप्लेडाँडा बस्ने ३० वर्षीय प्रदिप राईलाई १ थान भरुवा बन्दुक सहित प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय नँयाबजारबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त बन्दुक फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## १० वटा जीवित कछुवाको बच्चा सहित दुई जना पक्राउ

*कामाडौं, ३० जेठ*

काठमाडौं महानगरपालिका-३२ कोटेश्वरबाट १० वटा जीवित वन्यजन्तु कछुवाको बच्चा (आखेटोपहार) सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा कीर्तिपुर नगरपालिका-१ घर भएका २५ वर्षीय राज देउला र २० वर्षीय राहुल देउला रहेका छन्। कोटेश्वरस्थित पोर्टोबेल्लो क्याफे हाउसमा शंकास्पद रुपमा बसिरहेका उनीहरूलाई प्रहरीले जाँच गर्ने क्रममा झोलामा राखेको अवस्थामा उक्त कछुवाको बच्चाहरू सहित फेला पारी पक्राउ गरेको हो। साथै उनीहरूले प्रयोग गरेको बा.९९ प ४९४४ नम्बरको मोटरसाइकल र ३ थान मोबाइल समेत बरामद गरेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।





## ११३ गोटा वन्यजन्तु कछुवा सहित पक्राउ

*पर्सा, ३० जेठ*

वीरगञ्ज महानगरपालिका - १६ ईनर्वागाउँ स्थित सडकमा भारतबाट अवैध रुपमा ल्याउँदै गरेको ११३ गोटा वन्य पशुपन्क्षी कछुवा सहित बारा कलैया उपमहानगरपालिका -७ बस्ने ४५ वर्षीय आनन्दलाल टेमानीलाई प्रहरीले पक्राउ गरेको छ। भारतबाट नेपालतर्फ अवैध रुपमा कछुवा ल्याउँदै गरेको भन्ने सूचनाको आधारमा अस्थायी प्रहरी पोष्ट ईनर्वागाउँबाट खटिएको प्रहरीले बीआर ०५ एएफ ०५८३ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार आनन्दलाललाई झोलामा लुकाइ डिक्की भित्र ल्याउँदै गरेको उक्त कछुवा सहित फेला पारी पक्राउ गरेको हो।



आनन्दलाललाई उक्त कछुवा र मोटरसाइकल सहित आवश्यक कारवाहीको लागि डिभिजन वन कार्यालय वीरगञ्जमा बुझाइएको छ।



# उत्कृष्ट अनुसन्धान

## कर्तब्य ज्यान मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७९।०१।२८ गते साझको अन्दाजी १९:३० बजेको समयमा जिल्ला इलाम फाकफोकथुम गाउँपालिका वडा नं. ४ फुयतप्पा स्थित प्रेम बहादुर कामीको घरमा ऐ.ऐ. बस्ने वर्ष ७७ को हर्क बहदुर लाम्गादे (कामी) बसिरहेकोमा ऐ.ऐ. बस्ने वर्ष अ. ३३ की अन्जु लाम्गादेले बिना कारण उतिसको डोलो दाउराले टाउको लगायतको भागमा कुटपिट गरी घाईते बनाएको र मिति २०७९।०२।०१ गते बिहानको अं.०७:०० बजेको समयमा हर्क बहादुर लाम्गादेले गाउँको फर्सुराम मगरको पसलमा तालाचाबी किन्न गई तालाचाबी मागेर पसल अगाडी उभिरहेको अवस्थामा एक्कासी लडेर उपचार गर्न लैजाने तयारी गर्दै गर्दा निज हर्क बहादुर लाम्गादे (कामी) को मृत्यु भएको हुँदा अन्जु लाम्गादेले कुटपिट गरेको चोटपिडाले नै निजको मृत्यु भएको भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा आवश्यक अनुसन्धान पश्चात् मिति २०७९/०२/२७ गतेको सम्मानीत जिल्ला अदालत ईलामको आदेशले प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

## कर्तब्य ज्यान मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७९।०१।३० गते अं. १५:०० बजेको समयमा जिल्ला सोलुखुम्बु सोताङ गा.पा वडा नं.३ स्थित बर्ष ५५ को संचमाया राई बिरामी भएको र सोहि कारणले मृत्यु भएकोमा निजको दाह संस्कारको लागि लैजाने तयारी गर्दा गर्दै ऐ.ऐ. बस्ने वर्ष अं.बर्ष २९ को गोकर्ण भुजेल, अं.बर्ष २४ को मिलन राई, अं.बर्ष १९ को चक्र भन्ने साजन भुजेल, अं.बर्ष २९ को रमेश बाबु भुजेल, नामथर वतन नखुलेका अन्य मानिसहरु समेत आई के कुन पुर्ब रिसिईबी साधी मार्ने नियत बनाई उत्तर कुमार राई तथा सुदिप राईलाई घिसार्दै तान्दै बाटोमा ल्याई हात, मुक्का, लात तथा ढुङगा मुढा समेतले प्रहार गरी मरनासन्न हुने गरी कुटपिट गरी सख्त घाईते बनाई दिएकोमा सुदिप राईलाई उपचारको लागि जिल्ला अस्पताल फाप्लु सोलुखुम्बु लगेकोमा मिति २०७९।०१।३१ गते बिहान राती ०२:०० बजेको समयमा डाक्टरले मृत घोषणा गरेको हुँदा निजहरुलाई कानून बमोजिम कारबाही गरि पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा आवश्यक अनुसन्धान पश्चात् मिति २०७९/०२/२६ गतेको सम्मानीत जिल्ला अदालत सोलुखुम्वुको आदेशले प्रतिवादी भल बहादुर राई, गोकर्ण भुजेल, चक्र भन्ने साजन बाबु भुजेल र मिलन राई पुर्पक्षको लागि कारागार चलान भएको र प्रतिवादी रमेश भुजेल दुई लाख धरौटीमा छुटेको।

## जबरजस्ती करणी मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७९/०२/१० गते दिनको अं.१४:०० बजेको समयमा का.प.जि. बनेपा न.पा. वडा नं. १ स्थित डेरा कोठामा परिबर्तित नाम बालाजु आ.व. २०७८/२०७९ (१२५) लाई (परिबर्तित नाम बालाजु आ.व. २०७८/२०७९ (१२९) ले ललाई फकाई विभिन्न प्रलोभनमा पारी निजको ईच्छा विपरित नै जवजस्ती करणी गरेको हुँदा निजलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा आवश्यक अनुसन्धान पश्चात् सम्मानीत जिल्ला अदालत काभ्रेको आदेशले प्रतिवादी (बालक) पुर्पक्षको लागि बालसुधार गृह भक्तपुर चलान भएको।

**"Say No To Drugs"**
-Nepal Police

## जबरजस्ती करणी मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७९।०१।२६ गते दिउँसो अं.१५:०० बजेको समयमा जिल्ला गोरखा, भिमसेन थापा गा.पा. वडा नं.३ तान्द्राङ आहाले स्थित खेतबारीमा बर्ष १४ कि परिवर्तित नाम "(०७८।०७९) भ कुमारी" बाख्रा चराउन गएकीमा सोही स्थानमा ठूलोबुबा नाता पर्ने परिवर्तित नाम "(०७८।०७९) ड कुमारले समाई विभिन्न डर-त्रास, धाक-धम्की देखाई जवरजस्ती करणी गरेको हुँदा निजलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा आवश्यक अनुसन्धान पश्चात् मिति २०७९/०२/१७ गतेको सम्मानीत जिल्ला अदालत गोरखाको आदेशले प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

## जबरजस्ती करणी मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७९।०१।२५ गते रातको अं.१२:०० बजेको समयमा काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ६ बौद्ध स्थित रहेको माउन्ट भ्यु होटलमा प्रतिवादी जिल्ला दोलखा बैदेश्वर न.पा. घर भई हाल का.जि.गोकर्णेश्वर न.पा. वडा नं. ६ नारायणटार बस्ने वर्ष १७ को परिवर्तित नाम बौद्ध ३१२ (०७८/०७९) ले वर्ष १२ की परिवर्तित नाम बौद्ध १३१(०७८/०७९) लाई ललाई फकाई उक्त होटलमा लगी जवरजस्ती करणी गरेको हुदाँ कानून बमोजिम कारबाही गरि पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा आवश्यक अनुसन्धान पश्चात् मिति २०७९/०२/१७ गतेको सम्मानीत जिल्ला अदालत काठमाडौंको आदेशले प्रतिवादी पुर्पक्षको लागि बाल सुधार गृह भक्तपुर चलान भएको।

## जबरजस्ती करणी मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७९।०२।०९ गते दिँउसो अं. १५:३० बजेको समयमा जिल्ला गोरखा गो.न.पा. वडा नं. ११ सिर्दी ढोलढोले स्थित जेम्स मग्रातीले आफ्नै घरमा बर्ष १० की हाल नाम परिवर्तित "(०७८।०७९) य कुमारी " लाई विभिन्न डर-त्रास धाक धम्की देखाई जवरजस्ती करणी गरेको हुँदा निजलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा आवश्यक अनुसन्धान पश्चात् मिति २०७९/०२/२७ गतेको सम्मानीत जिल्ला अदालत गोरखाको आदेशले प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

## अपहरण शरीर बन्धक तथा जबरजस्ती करणी

मिति २०७९/०२/०६ गते दिनको अन्दाजी १५:०० बजेको समयमा जिल्ला सोलुखुम्बु थुलुङदुधकोशी गा.पा. वडा नं. ४ जुबु खनिखर्क बस्ने खड्ग बहादुर कार्कीको छोरा वर्ष अं. २२ को प्रतिवादी दल बहादुर कार्कीले परिवर्तित नाम सोलुखुम्वु (त्र) लाई घरमा कोही नभएको मौका पारी दाउ छोपी ललाई फकाई प्रलोभनमा पारी विवाह गर्ने आस भरोसा देखाई निजको घरमा भगाई लगी मिति २०७९/०२/०७ गतेका दिन राती छुट्टै कोठामा सुत्न लगाई अपहरण तथा शरी रबन्धक बनाई पटक-पटक जवरजस्ती करणी गरेको हुदाँ कानून बमोजिम कारबाही गरि पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा आवश्यक अनुसन्धान पश्चात् मिति २०७९/०२/२७ गतेको सम्मानीत जिल्ला अदालत सोलुखुम्वुको आदेशले प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई-बुलेटिन

सत्य सेवा सुरक्षणम्


**प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

**नक्साल, काठमाडौ**

E-mail: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com  Web: www.cid.nepalpolice.gov.np  मोबाईल: ९८५१२९८१९८ फोन: ०१-४४१२७४८